# बाँसगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाँसगढी, बर्दिया
### ५ नं. प्रदेश, नेपाल

# बिनियोजन ऐन – २०७५

# बाँसगढी नगरपालिका
## बाँसगढी, बर्दिया

बाँसगढी नगरपालिका, बर्दिया को आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

*सभाबाट स्वीकृत मिति : २०७५/०३/१७*

प्रस्तावना : बाँसगढी नगरपालिका, बर्दियाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बाँसगढी नगरपालिका, बर्दियाको नगर सभाले यो ऐन बनाएको छ।

१। संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बाँसगढी नगरपालिका, बर्दियाको विनियोजन ऐन, २०७५ रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२। आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१)आर्थिक वर्ष २०७५/७६को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६८,०४,६७,०००.०० (अक्षेरुपी रुपैयाँ अठ्सठ्ठी करोड चार लाख सत्सठ्ठी हजार ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ . विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६को निमित्त बाँसगढी नगरपालिका, बर्दियाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२ . विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६को निमित्त बाँसगढी नगरपालिका, बर्दियाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।